महालेखापरीक्षकको कार्यालय

# सामान्य प्रशासन निर्देशनालय

पत्र संख्या: २०६९।७०
च.नं.

मिति: २०६९।४।४

विषय: **निजामती सेवा पुरस्कार सम्बन्धमा ।**

श्री सबै महानिर्देशनालय,
श्री सबै निर्देशनालय,

निजामती सेवा पुरस्कार दाबीको लागि १५ दिनको म्याद दिई सबै निजामती कर्मचारीलाई आह्वान गर्ने सम्बन्धी सामान्य प्रशासन मन्त्रालयको २०६९।४।२ को पत्र प्राप्त भएको छ । मन्त्रालयको सो पत्रमा उल्लेख भए मुताविक निजामती पुरस्कारको लागि २०६९।४।१८ सम्म निजामती सेवा पुरस्कार दाबी गर्न चाहने कर्मचारीहरुले सामान्य प्रशासन निर्देशनालयमा दाबी पत्र पेश गर्न र निम्न कार्यतालिका बमोजिमको कार्यक्रमबमोजिम गर्न तहाँ मातहत सम्पूर्ण कर्मचारीहरुलाई अनिवार्य रुपमा जानकारी दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु । सो पुरस्कार दाबी, उजुरी र सिफारिस सम्बन्धी मन्त्रालयबाट प्राप्त पत्रसहितको विस्तृत विवरण कार्यालयको पुस्तकालयमा हेर्न सकिने व्यवस्था मिलाइएको छ । निजामती सेवा पुरस्कार दाबी, नामावली प्रकाशन, उजुरी र सिफारिस सम्बन्धी कार्यतालिका देहायअनुसार रहेको व्यहोरा अनुरोध छ ।

**कार्यतालिका**

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | निजामती सेवा पुरस्कार दाबी सम्बन्धी सूचना प्रकाशन | २०६९।४।४ | ३:३० बजे | कार्यालयको सूचना पाटी, वेभसाइट, महानिर्देशनालय र निर्देशनालय |
| २ | निजामती सेवा पुरस्कार दाबीको निवेदन पेश गर्ने | २०६९।४।४ देखि २०६९।४।१८ सम्म | कार्यालय खुलेको दिन शुक्रबारबाहेक बिहान १०:०० देखि बेलुकी ५:०० बजेसम्म र शुक्रबार बिहान १०:०० देखि दिनको ३:०० बजेसम्म | सामान्य प्रशासन निर्देशनालय |
| ३ | निजामती सेवा पुरस्कार दाबी गर्ने निजामती कर्मचारीको नामावली प्रकाशन गर्ने | २०६९।४।१९ | बिहान १२:०० बजे | कार्यालयको सूचना पाटी र वेभसाइटमा |
| ४ | प्रकाशन भएको नामावलीमा उजुरी गर्नसक्ने | २०६९।४।१९ देखि ३ दिनसम्म अर्थात् २०६९।४।२१ सम्म | कार्यालय खुलेको दिन शुक्रबारबाहेक बिहान १०:०० देखि बेलुकी ५:०० बजेसम्म र शुक्रबार बिहान १०:०० देखि दिनको ३:०० बजेसम्म | सामान्य प्रशासन निर्देशनालय |

(घनश्याम काफ्ले)
निर्देशक

<u>जानकारीको लागि</u>:

श्रीमान् कार्यवाहक महालेखापरीक्षकज्यू ।

श्रीमान् उप–महालेखापरीक्षकज्यूहरु ।